## पदम विश्वकर्माको बायोग्राफी



लमजुंग जिल्लाको धमिलीकुवा घर भइ हाल कोलोराडो बसोबास गर्दै आएका विश्वकर्मा २०१४ देखि २०१६ र २०१६- २०१८ मा गरि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय अध्यक्षमा दुई कार्यकाल योगदान गरेका छन् । नेपाली भाषा तथा साहित्यको बिश्वब्यापिकरण अभियानमा संलग्न विश्वकर्मा नेपाली भाषा र साहित्यको विकासमा निरन्तर संलग्न रहँदै आएका छन् । २०१०-२०१२ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो च्याप्टरको अध्यक्ष, २०१२-२०१४ अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय महासचिव र २०१४-२०१६ र २०१६- २०१८ मा केन्द्रीय अध्यक्ष रही सफल नेतृत्व प्रदान गरेका थिए भने २०१८ मा सम्पन्न अनेसासको बोर्ड अफ ट्रष्टीको निर्वाचनमा उपसभापति पदमा निर्वाचित हुन सफल भएका हुन् । आफ्ना कार्यकालमा महत्वपूर्ण गतिविधिहरु सम्पन्न गर्न सफल विश्वकर्मा नेपाली भाषा तथा साहित्यको जगेर्नाका लागि जापान, यूरोप, नेपाल, अष्ट्रेलिया लगायत विश्वका बिभिन्न मुलुक र अमेरिकाका बिभिन्न राज्य पुगेका छन् ।

बिद्यालयस्तरमा आयोजित राष्ट्रिय निबन्ध प्रतियोगितामा उत्कृष्ट हुन पुगेका विश्वकर्माले नेपाल रेडक्रसको कार्यक्रम अधिकृत तथा प्रशासकीय अधिकृत लगायत विभिन्न पदमा रही १० बर्ष भन्दा बढी मानवीय सेवाका विभिन्न कार्य सम्पादन गरेका छन् । नेपाल र अमेरिकामा गरि १५ पटक भन्दा बढी रक्तदान गरेका उनले रक्तदान अभिप्रेरणामा सक्रिय छन् । यसै गरी अमेरिकास्थित स्थापित जातीय विभेद बिरुद्द कार्यरत संस्था नासोको बिभिन्न पद र हाल उक्त संस्थाको सल्लाहकार, नासियाको सल्लाहकार तथा २०१४ मा अमेरिकामा स्थापित जातीय विभेद बिरुद्द कार्य गर्न स्थापित गैर सरकारी संस्था ग्लोबल फोरमको बरिष्ठ उपाध्यक्षमा रही सेवा प्रदान गर्दै आएका उनले समाज सेवाको क्षेत्रमा महत्वपूर्ण योगदान प्रदान गर्दै आएका छन् ।

नेपाली साहित्यमा स्नातक र समाजशास्त्र/मानवशास्त्रमा स्नातकोत्तर गरेका विश्वकर्माले अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार लगायत विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् र उनी एक सफल ब्यबसायी पनि हुन् । नेपाली र अंग्रेजीमा कविता संग्रह प्रकाशन गर्नुका साथै उनका कथा संग्रह प्रकाशोन्मुख र विभिन्न कृतिहरु सम्पादन गरिसकेका छन् ।